# मिति २०७५।९।५ गते बसेको बागमती नगरपालिकाको नगरसभा बैठकका निर्णयहरु

प्रस्तावहरु :

**१.नदी जन्य पदार्थ  उत्खनन, संकलन र विकी वितरण सम्बन्धि  वार्षिक कार्ययोजना**  सम्बन्धमा

२. बागमती नगर शिक्षा विद्येएक,२०७५ सम्बन्धमा

३. सम्पन्न भएका आयोजनाको फरफारक सम्बन्धमा

४. निर्णय समर्थन सम्बन्धमा

५. श्रोतान्तर र खर्च समर्थन सम्बन्धमा

६. सेवा करार सम्बन्धमा

७. बैठक भत्ता सम्बन्धमा

८. सल्लाहकार नियुक्ती सम्बन्धमा

९. जग्गगा प्राप्ति संम्बन्धमा

१०. कालोपत्रे सडक निर्माण सम्बन्धमा

११. कम्प्युटर वीलंग प्रणाली सम्बन्धमा

निर्णयहरु :

निर्णय नं. १, प्रस्ताव नं. १  नदी जन्य पदार्थ  उत्खनन, संकलन र विकी वितरण सम्बन्धि  वार्षिक कार्ययोजना  सम्बन्धमा छलफल गर्दा नगरप्रमुख श्री भरत कुमार थापाज्यू बाट यस नगरसभा समक्ष पेश भएको तपशील बमोजिमको **वागमती नगरपालिका नदी जन्य पदार्थ** (**ढुंगा , गिटी, वालुवा**)  **उत्खनन, संकलन र विकी वितरण सम्बन्धि  वार्षिक कार्ययोजना** आ.व. **२०७५।७६** उपस्थित सम्पुर्ण नगरसभा सदस्यबाट सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

**तपशिल**

वागमती नगरपालिका

नदी जन्य पदार्थ (ढुंगा , गिटी ,वालुवा ) उत्खनन संकलन र विकी वितरण सम्बन्धि वार्षिक कार्ययोजना आ.व. २०७५।७६

१. प्रस्तावना :

नगरपालिकाको विकास निर्माणको प्रकृया, उपभोक्ताको उपभोग, मोफसलको विकास गतिविधि समेतलाई विचार गर्दा आ.व.२०७५।७६ मा ४००००००।००( चालिस लाख ) घन फिट ढुंगा,गिटी, बालुवा,को आवश्यकता देखिन्छ । उक्त अनुसारको स्रोतको उपलब्धता रहेको अवस्था छ ।

**१२) नगरपालिकाले प्राप्त गर्ने अनुमानित आर्थिक लाभ :**

प्रदेश सभाबाट स्वीकृत दररेटको आधारमा मुल्य अभिबृद्धि कर वाहेक रु.४ ( चार) प्रति घन फिटका दरले राजश्व संकलन गर्दा यस आ.व.२०७५।७६ मा रु.१६००००००( एक करोड साठी लाख) राजश्व आम्दानी हुने छ ।

**१३) घाट गद्दी सम्बन्धि ब्यवस्था र स्थल :**

भण्डारण र घाटगद्दी सम्बन्धि ब्यवस्था र स्थल अनुगमन समितिले निर्धारण गर्ने छ ।

**१४) विविध :**

क)यस कार्ययोजनामा विरोधाभाष उत्पन्न भएमा नगरकार्यपालिकाले ब्याख्या गरि वाधा अड्काउ फुकाउन सक्ने छ ।

ख)यस कार्ययोजनामा प्रदेश नं. २ सरकारबाट बाट पारित भएको ढुंगा,गिटी, बालुवा उत्खनन्,संकलन, क्रसिंग र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यवस्थित गर्ने कार्यविधि , २०७५ मा भएको ब्यवस्था र शर्तहरु लागु हुने छन् ।

ग) यो कार्ययोजना नगरसभाबाट पारित भए पछि लागु हुने छ ।

निर्णय नं २., प्रस्ताव नं. २ बागमती नगर शिक्षा विद्येएक,२०७५ सम्बन्धमा छलफल गर्दा नगरप्रमुख श्री भरत कुमार थापाज्यूबाट यस नगरसभा समक्ष पेश भएको बागमती नगर शिक्षा विद्येएक,२०७५ सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३, प्रस्ताव नं ३ आयोजनाहरुको जांच पास तथा फर फारक सम्बन्धमा छलफल गर्दा नगरप्रमुख श्री भरतकुमार थापाज्युबाट पेश भएको आ.व. २०७४।७५ मा सञ्चालन भइ आ.व. २०७४।७५ मा सम्पन्न भएका तथा आ.व. २०७४।७५ मा सञ्चालन भई आ.व. २०७५।७६ मा सम्पन्न भएका आयोजनाहरुको जांचपास तथा फर फारक गर्ने निर्णय तथा जांचपास तथा फरफारक प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय न.४. प्रस्ताव नं.४ निर्णय समर्थन सम्बन्धमा छलफल गर्दा नगरकार्यपालिकाबाट भएका निर्णहरु, नगरप्रमुखबाट भएको निर्णयहरु तथा प्रमुख प्रशासकीय अधिकृतबाट भएको निर्णहरु समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५., प्रस्ताव नं. ५ श्रोतान्तर र खर्च समर्थन सम्बन्धमा छलफल गर्दा श्रोत अनुमान गरि बजेट विनियोजन गरिएको भएता पनि श्रोतको उपलब्धताको आधारमा भुक्तानी गर्नु पर्दा श्रोतान्तर गरि खर्च गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो र हाल सम्म विभिन्न श्रोतबाट विभिन्न शिर्षकमा भएको खर्च समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं ६, निर्णय न. ६ सेवा करार सम्बन्धि छलफल गर्दा नगरपालिकामा डोर हाजिरमा कार्यरत सेवा प्रदायक ब्यक्तिहरुको लागि भएको खर्च समर्थन गर्ने र निजहरुसंग सेवा करार गर्ने साथै सवै किसिमका सेवा करार सम्बन्धि निर्णय गर्ने, सेवा करार म्याद थप गर्ने तथा सेवा शुल्क निर्धारण गर्ने सम्पुर्ण अधिकार नगरप्रमुखलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७. प्रस्तव नं ७ ,बैठक भत्ता सम्बन्धामा छलफल गर्दा मिति २०७५।४।१ देखि नै लागु हुने गरि कर्मचारी बैठक भत्ता प्रति कर्मचारी प्रति बैठक भत्ता रु.१०००( एक हजार) कायम गर्ने निर्णय गरियो । तर त्यस्तो वैठक भत्ता कानुन बमोजिमको समितिमा बस्दा वा नगरकार्यपालिका वा नगरसभाले गठन गरेको समिति वा कार्यदलमा बस्दा मात्र पाइने निर्णय गरियो ।

निर्णय नं. ८, प्रस्ताव नं ८ नगरकार्यपालिकाको गतिविधिलाई थप पारदर्शि बनाउन र तत्काल सुचना सम्प्रेषण गर्न समेत नगरप्रमुखले २(दुई) जना सम्म सल्लाहकार नियुक्त गर्न पाउंने र सल्लाकारहरुको मासिक पारिश्रमिक बढीमा रा.प. अ.द्धितिय श्रेणीको पारिश्रमिक वरार हुने गरि नगर प्रमुखले तोक्न सक्ने निर्णय गरियो ।यसरी नियुक्ती भएका सल्लाहकारहरुको कार्यविवरण नगरप्रमुखले तोके बमोजिम हुने निर्णय गरियो ।

निर्णय न.९, प्रस्ताव नं ९ जग्गा प्राप्ति माथि छलफल गर्दा वागती नगरपालिका वडा नं. ४ पुर्व पश्चिम राजमार्ग भन्दा दक्षिण नहर भन्दा उत्तर, गोडारी खोला भन्दा पश्चिम र क्षेत्रीय बाटो भन्दा पुर्व नगरपालिका भवन तथा विषयगत कार्यालयहरु, ब्यवस्थित बजार तथा ब्यापारिक कम्प्लेक्स र अन्य शहरी पुर्वाधारहरु निर्माण गर्ने प्रयोजनार्थ वमगती नगर विकास आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र जग्गा प्राप्ति ऐन,२०३४ बमोजिम प्रकृया अगाडी बढाउन नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १०, प्रस्ताव नं. १० कालोपत्रे सडक निर्माण सम्बन्धमा छलफल गर्दा यस आ.व.२०७५।७६मा बढीमा प्रति आयोजना रु.१००००००००( एक करोड) मा नबढ्ने गरी रु.१५००००००००( पन्ध्र करोड ) सम्मको कालो पत्रे सडक कम्तीमा १० प्रतिशत उपभोक्ता सहभागिता रहने गरि आयोजना उपभोक्ता समितिहरु मार्फत सञ्चालन गर्ने र भुक्तानी अभाव भएमा आ.व. २०७६।७७ को बजेटमा समावेश गरि भुक्तानी गर्ने गरि श्रोतको सुनिश्चतता प्रदान गर्ने निर्णय गरियो । आयोजना स्थलहरुको छनौटगर्ने अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो । तर विशेष अनुदान, शशर्त अनुदान र समपुरक अनुदान सम्बन्धमा सोही अनुदानको कार्यविधि तथा मापदण्ड बमोजिम आयोजना सञ्चालन गरिने निर्णय गरियो ।

निर्णय नं. ११, प्रस्ताव नं.११ कम्प्युटर वीलिंग प्रणाली सम्बन्धमा छलफल गर्दा नगरकार्यपालिका कार्यालयले मिति २०७५।४।१ गते देखि वडा स्तर सम्म समेत विस्तार गरेको आय प्रयोजनको कम्प्युटर वीलंग प्रणलीलाई समर्थन गर्ने निर्णय गरियो ।